प्रस्तावहरुः

१. आयोजना सम्झौता र भुक्तानी गर्ने सीमा निर्धारण सम्वन्धी,

२. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी,

३. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धी,

४.विविध सम्वन्धी,

निर्णय नं. १

चालु आ.व.का लागि स्वीकृत भएका आयोजना तथा कार्यक्रमहरु समयमै सम्पन्न गर्न र आगामी आ.व.को वार्षिक बजेट तयारीमा समेत जुट्नु पर्ने भएकोले चालु आ.व.का लागि स्वीकृत आयोजना तथा कार्यक्रमहरु २०८२ साल ज्येष्ठ मसान्त सम्म कार्यसम्पन्न गर्ने गरी २०८२ बैशाख १५ गतेभित्र सम्झौता गरिसक्ने व्यवस्था मिलाउनका लागि सबै विषयगत शाखा तथा वडा कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो।

निर्णय नं. २

आगामी आ.व.को वार्षिक योजना तर्जुमाका लागि तपसिल बमोजिम गर्ने निर्णय गरियोः

क) विषयगत शाखा तथा वडा कार्यालयलाई बजेट सिलिंग उपलव्ध गराउने बैशाख १५ गते भित्र।

ख) बस्ती तथा टोल स्तरीय आयोजना छनौट गरी वडा समितिमा पेश गर्ने बैशाख मसान्त भित्र।

ग) वडा समितिवाट आयोजनाको प्राथमिकीकरण गरी गाउँपालिकामा पेश गर्ने ज्येष्ठ ५ गते भित्र।

घ) विषयगत समितिले आयोजना प्राथमिकीकरण गरी पेश गर्ने ज्येष्ठ १५ गते भित्र।

ङ) बजेट तथा कार्यक्रम तर्जुमा समितिले बजेट तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने ज्येष्ठ २५ गते भित्र।

च) नीति तथा कार्यक्रम र आर्थिक ऐन तथा विनियोजन ऐनको मस्यौदा तयार ज्येष्ठ मसान्त भित्र।

छ) नीति तथा कार्यक्रम र आर्थिक ऐन तथा विनियोजन ऐनको मस्यौदा कार्यपालिकावाट स्वीकृत गर्ने असार ५ गते भित्र।

ज) सभामा नीति तथा कार्यक्रम प्रस्तुत असार ९ गते

झ) सभामा बजेट प्रस्तुत असार १० गते।

ञ) पूर्व योजना तर्जुमा गोष्ठी बैशाख १५ गते।

ट) गै.स.स.तथा विकास साझेदारलाई ज्येष्ठ मसान्त भित्र आ आफ्ना कार्यक्रम पेश गर्न लगाउने।

निर्णय नं. ३

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१।८२ मा श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन भएको व्यहोरा कार्यपालिका बैठकमा जानकारी गरियो।

निर्णय नं. ४ विविधः देहाय बमोजिमलाई आर्थिक उपचार सहयोग गर्ने निर्णय गरियोः

| | **उपचार सहयोग** | |
|---|---|---|
| **क्र.स** | **नाम/थर** | **रकम रु** |
| १ | रोम बहादुर थापा ऐरावती-१ | 15000 |
| २ | हरिकला रेश्मी ऐरावती-१ | 10000 |
| ३ | शन्त बहादुर रेश्मी मगर ऐरावती-१ | 15000 |
| ४ | कवारी आचार्य ऐरावती-१ | 10000 |
| ५ | धन बहादुर राना ऐरावती-१ | 10000 |
| ६ | भिम बहादुर सिंञ्जाली मगर ऐरावती-१ | 10000 |
| ७ | धन बहादुर कुमाल ऐरावती-१ | 10000 |
| ८ | अमृता गुरुङ ऐरावती-६ | 15000 |
| ९ | चुरा बहादुर वि.क. ऐरावती गा.पा.-२ | 15000 |
| १० | हिरा बहादुर वि.क. | 10000 |
| ११ | दुर्ग बहादुर राना ऐरावती-१ | 10000 |
| १२ | विमा कुमारी घर्ती ऐरावती-३ | 10000 |
| १३ | कृष्णा आचार्य ऐरावती-६ | 10000 |
| १४ | बुदे गुरुङ ऐरावती-२ | 10000 |
| १५ | कल्पना दमाई प्यूठान नं.पा.७ | 10000 |
| १६ | बलविर वि.क. तुल्सिपुर उप.महा.८ | 5000 |
| १७ | मातृका के.एम. ऐरावती - ५ | 15000 |
| १८ | कुशल थापा ऐरावती - ५ | 20000 |

| | | |
|---|---|---|
| १९ | तील बहादुर शाह ऐरावती - ५ | 15000 |
| २० | शुजल गुरुङ-३ | 15000 |
| २१ | सरस्वती अधिकारी-३ | 10000 |
| २२ | हिमा आले-३ | 10000 |

नविल विक्रम शाह
अध्यक्ष